# पोखरा लेखनाथ महानगरपालिका नगर कार्यपालिकाको

# विनियोजन ऐन , २०७४

कार्यपालिकाबाट स्विकृत मिति : २०७४।३।२८

पोखरा लेखनाथ महानगरपालिका

जिल्ला कास्की

प्रदेश ४

# **पोखरा लेखनाथ महानगरपालिकाको विनियोजन ऐन**

पोखरा लेखनाथ महानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** पोखरा लेखनाथ महानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम पोखरा लेखनाथ को नगर सभाले यो ऐन बनाएको छ |

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " पोखरा लेखनाथ महानगरपालिकाको विनियोजन ऐन २०७४ " रहेको छ |

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ |

**२. आर्थिक बर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने आधिकार :** (१) आर्थिक बर्ष २०७४/०७५ को निमित्त महानगरपालिकाको , वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च , पुंजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४,०३,८२,५३,८००/- (अक्षेरुपी – चार अर्व तीन करोड बयासी लाख त्रिपन्न हजार आठ सय मात्र ) मा नबढाई निद्रिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न साकिने छ |

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक बर्ष २०७४/०७५ को निमित्त महानगरपालिकाको नगर कार्यपालिका , वडा समिति र विषयगात शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पानि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा महानगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ | यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० % नबढ्ने गरी कुनै एक वा एक भन्दा शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन साकिनेछ | पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न साकिने छैन |

तर चालु तथा पुंजीगत खर्च र वित्तीय व्यवस्था  को खर्च व्यहोर्न  एक स्रोतबाट अर्को स्रोतमा रकम सार्नु सकिने छ |

(३) उपदफा  (२) मा  जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षक बाट सो शीर्षकको जम्मा स्वीकृत रकमको  २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा भन्दा बढी शीर्षक हरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ |

**अनुसूचि-१**

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | महा नगरकार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |